मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ११४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ फागुन २७ गते शुक्रवार (Friday, March 11. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## घाँस काट्न जाँदा...

**झापा, फागुन २६।** झापा मेचीनगर-५मा एक महिला मृत फेला परेकी छन् ।

मेचीनगर-५ पिपलडाँडा चोककी ६८ वर्षीया अम्बिका कुँवर मृत फेला परेकी हुन् । घरबाट घाँस काट्न जान्छु भनी हिँडेकी उनी साँझसम्म घर नफर्किएपछि खोजतलास गर्दै जाँदा उनका श्रीमान जगत कुँवरले घरदेखि २०० मिटर पश्चिम-दक्षिणमा रहेको लिलाराज देबकोटाको बाँझो खेतमा मृत अवस्थामा फेला पारेका थिए ।

घटनाको जानकारी पाएलगत्तै सीमा प्रहरी

*(बाँकी अन्तिम पृष्ठमा)*

# सुपारी: अर्बौंको अवैध व्यापार

- **सुपारी, केराउ, मरीच र छोकडाको खुलेआम तस्करी**
- **प्रहरी, प्रशासनको मिलेमतो**
- **आयात खोल्ने सरकारी नियत गलत: संसदीय समिति**

**झापा, फागुन २६।** तेस्रो मुलुकबाट सुपारी आयात खुल्ला गरेर अर्बौंको अवैध व्यापारलाई सरकारले फेरि प्रोत्साहन गरेको छ । सुपारीसँगै केराउ, मरीच र छोकडाको खुलेआम तस्करी भइरहेको छ ।

तस्करीमा सरकारको उपल्लो तहदेखि प्रहरी, प्रशासनको मिलेमतो देखिएको छ । सुपारी तस्करी गर्ने मुख्य व्यापारी झापाकै छन् । सुपारी लगायतका वस्तु खुला सीमाका कारण तस्करी हुन्छ । भन्सार विभागका अनुसार यी वस्तुको आयात र व्यापार गर्ने ठूला ५० फर्म छन् । तर सरकारले यी फर्मबारे अध्ययन/अनुसन्धान गरेको छैन । ५० फर्म भए पनि यी वस्तुको तस्करीमा सीमित व्यक्ति संलग्न छन् ।

इण्डोनेशिया लगायतका मुलुकबाट ०६० सालदेखि सुपारीको अवैध आयात र भारत निकासी हुँदै आएको छ । सुपारी लगायतका वस्तु तस्करीबाट भएको अवैध कमाइकै कारण हिजो सामान्य अवस्थामा रहेका केही व्यापारी अहिले अर्बपति उद्योगी व्यापारीको रुपमा स्थापित छन् ।

**प्रहरी प्रशासनदेखि सरकारसम्मको सेटिङ यस्तो छ**

तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले रेमिटेन्समा कमी आएको जानकारी पाइसकेका थिए । यही तथ्यलाई इंगित गर्दै उनले उद्योग संगठन मोरङको एक कार्यक्रममा तीन वर्षअघि भनेका थिए- 'अब भारतका लागि धेरै आयात हुने सुपारी, मरिच, केराउ र छोकडाको पैठारीमा हामी कडाइ गर्नेछौं ।'



सुपारी खेती नबढे पनि भारत निकासी गर्ने उद्देश्यपूर्ण दबावका कारण कागजमा उत्पादनको तथ्यांक बढ्ने गरेको छ । मुलुकमा वार्षिक ४/५ हजार टन मात्रै सुपारी चाहिन्छ तर आर्थिक चलखेल गरेर सरकारले २५ हजार टनको कोटा दिएको छ ।

खतिवडाले घोषणा गरेको करिब ८ महिनापछि मात्र चारै वस्तुको आयातमा सरकारले परिमाणात्मक बन्देज लगायो । तर, यही बन्देज पूर्ववर्ती प्रधानमन्त्री केपी शर्मा ओलीदेखि अहिलेका शेरबहादुर देउवासम्मका लागि अवैध आर्थिक लाभको राम्रो माध्यम बनेको छ ।

सुपारी, केराउ, मरीच र छोकडाको तस्करी बढेपछि सरकारले २०७६ चैत २४मा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३को दफा ३ (१) बमोजिम वस्तु पैठारीमा बन्देज लगाएको थियो । कोभिड महामारी बढेका बेला विदेशी विनिमय सञ्चिति बढाउन भन्दै तत्कालीन अर्थमन्त्री युवराज खतिवडाले उक्त निर्णय गराएका थिए । अर्थतन्त्र चलायमान हुन थालेपछि २०७७ चैत ९मा पूर्ण बन्देज हटाएर परिमाणात्मक बन्देज लगाइएको थियो । जस अनुसार आर्थिक वर्ष २०७७/०७८मा उद्योगी व्यवसायीले एक वर्षमा केराउ ८० हजार टन, सुपारी २५ हजार टन, छोकडा ५ हजार टन, नधुलाएको मरीच १५ हजार टन आयात गर्न सक्थे । एक महिनाअघि मन्त्रिपरिषद्ले सुपारी, केराउ, छोकडा र मरीच आयात खुलाउने निर्णय गरेको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले नै नेतृत्व गरिरहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत गरिएको यस्तो विवादास्पद निर्णय आलोचना सामना गर्न नसकिने आँकलनमा सार्वजनिक गरिएको छैन ।

मुलुकको परिवर्त्य विदेशी मुद्राको सञ्चितिकै लागि परिमाणात्मक बन्देजको अवधारणा ल्याइएको थियो । तर यो अवधारणालाई टोकरीमा मिल्काएर चालूआर्थिक वर्षका लागि पनि मन्त्रिपरिषद्को बैठकले २५ हजार टन सुपारीसहित चारै वस्तुको आयातका लागि गोप्य रूपमा कोटा खुलाको निर्णय गर्नुका पछाडि नियत गलत देखिन्छ । देउवा सरकारले गोप्य रुपमा आयात अनुमति पाएका कम्पनी ओली सरकारकै पालाका छन् । स्रोतका अनुसार सुपारी आयातकर्ताले प्रधानमन्त्री, अर्थमन्त्री र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री, आयात नाकाका भन्सार र प्रहरी रिझाएर राम्रै नाफा कमाइरहेका छन् ।

त्यस्तै भारत पठाउनलाई पनि तस्करी हुने जिल्ला र प्रदेशका प्रहरी, प्रशासन तथा मन्त्री र दलका नेताहरुसम्मलाई रिझाएर व्यापारीले काम गर्ने गरेको स्रोतको दाबी छ । स्रोतका अनुसार सीमा क्षेत्रमा तस्करी गर्दा सशस्त्र र नेपाल प्रहरीलाई किलोको दरले निश्चित रकम छुट्टाछुट्टै बुझाउनुपर्छ ।

**सुपारी आयात खुलाउनु गलत: संसदीय समिति**

शून्य भन्सारदरमा कृषि वस्तु भारत निर्यात गर्न सकिने सुविधा दुरुपयोग गर्दै वैध/अवैध माध्यमबाट निकासी गर्न अर्बौं रुपैयाँको सुपारी र केराउ आयात गर्ने गरिएको छ । इण्डोनेसिया, मलेसियालगायत उत्पादक मुलुकबाट सोझै भारत भित्र्याउँदा भने बढी भन्सार दर बुझाउनु

*(बाँकी अन्तिम पृष्ठमा)*

## तीव्र गतिका कारण दुर्घटनामा १४ जनाको मृत्यु

**संखुवासभा, फागुन २६।** संखुवासभाको मादी नगरपालिका-६मा बस दुर्घटनामा मृत्यु हुने १४ जनाकै सनाखत भएको छ । मादी-६स्थित सातघुम्तीमा भएको बस दुर्घटनाका मृतक सबैको पहिचान खुलेको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा ताप्लेजुङका ३१ वर्षीया समीक्षा योञ्जन र उनका छोरा ८ वर्षीय सुदीप घिसिङ, मादी-६की ३० वर्षीया सीता विक रहेका छन् । सो घटनामा मादी-६का ३८ वर्षीय इन्द्र अधिकारी, ३२ वर्षीया अञ्जना कटुवाल, तुलसा कटुवालकी छोरी पाँच वर्षीया दीक्षा कटुवाल, मादी-५का ४८ वर्षीय दीपककुमार दाहाल, ५५ वर्षीय श्याम शेर्पा, ४९ वर्षीय भवानीप्रसाद दाहालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रमुख प्रहरी नायब उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए ।

त्यसैगरी मादी-४का ३८ वर्षीय आइतबहादुर तामाङ, २८ वर्षीया सविता कार्की, सहचालक उमेश भट्टराई, तेह्रथुमको औँशीडाँडाका सवारी चालक बिपीन निरौला र मादी-४का ६० वर्षीय बलबहादुर कार्कीको मृत्यु भएको प्रहरी नायब उपरीक्षक सुवेदीले बताए । उनीहरु १४ जनाकै घटनास्थलमा नै मृत्यु भएको थियो । बिहान साढे ७ बजे मादीको ओखरबोटे बजारबाट झापाको दमकतर्फ जाँदै गरेको बस दुर्घटनामा परेको थियो ।

बस मादी-६को सातघुम्ती नजिकै दुर्घटनामा परेको हो । बस सडकबाट करिब ३०० मिटर तल खसेको प्रहरीले जनाएको छ । तीव्रगतिका कारण बस दुर्घटना भएको प्रहरीले जनाएको छ ।

**घाइतेलाई थप उपचारका लागि धरान लगियो**

बस दुर्घटनाका घाइते पाँच जनालाई हेलिकप्टरबाट थप उपचारका लागि धरान लगिएको छ । घाइते पाँच जनालाई नै बीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानमा उपचारका

*(बाँकी अन्तिम पृष्ठमा)*

**काठमाडौंबाट आयुर्वेद विशेषज्ञ डाक्टर आउने बारेको सूचना**

यदि मिति २०७८ फागुन २७ गते आयुर्वेदिककै ख्यातिप्राप्त वरिष्ठ कन्सल्टेन्ट डाक्टर **सिद्धार्थ ठाकुर** सुश्रुत आयुर्वेद अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ ।

टाउको दुख्ने, माइग्रेन, जण्डिस, हेपाटाइटिस थाइराइड मृगौलाको पथ्थरी, ग्याष्ट्रिक, पुरानो अल्सर, निद्रा नलाग्ने, पुरुषहरुको शीघ्र स्खलन, महिलाहरुको पाठेघर सम्बन्धी समस्या, महिनाबारी गढबढी, बाँझोपन, निःसन्तान, हाडजोर्नी, युरिक एसिड, बाथरोग, पैतला झम्झमाउने, नसा च्यापिएको, मुटुको रोग पुरानो टन्सिल मोटोपन, कोलेस्ट्रोल बढेको लगायत शारीरिक एवम् मानसिक समस्या भएका बिरामी वर्गले यथाशीघ्र सम्पर्क राख्नुहोला ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा. लि.**

काँकरभिट्टा रोड बोलबल पेट्रोलपम्पसँगै

फोन नं.: ९८१८७९३९८६, ९८५२६८८९८६, ९८१७९४४०५७

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कन्सल्टेन्सीको लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क राख्नुहोला ।

पद : पि.आर.ओ. संख्या : १ जना

मेनेजर : १ जना (अंग्रेजीमा दक्ष)

डकुमेन्टेसन : १ जना (कम्प्युटरमा दक्ष)

योग्यता : +२ वा सो सरह

तलब : आपसी समझदारीमा

**सम्पर्क : ९८५२६७४४३९, ९८०३०७४४३९**

**बिर्तामोड, झापा**

**यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर**

यही फागुन २८ गते शनिबारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिाहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)



# ‘रंगशालाको विवाद समाधान र विकासमा सबै लागौं’



**बिर्तामोड, फागुन २६।** नेपाली कांग्रेस प्रदेश नं. १ समितिका सभापति उद्धव थापाले डोमालाल राजवंशी रंगशालाको जग्गा विवाद तत्काल दिगो रुपमा समाधान गर्नुपर्ने बताएका छन् ।

५औं झापा गोल्डकप अन्तर्गत विहीवारको खेलका प्रमुख अतिथि थापाले उक्त रंगशालाको विवाद समाधान गरेर सुविधासम्पन्न रंगशाला बनाउनु पर्नेमा जोड दिए । उनले आफू र आफ्नो पार्टीका तर्फबाट विवाद समाधान तथा रंगशालाको निर्माण र विकासका लागि जस्तोसुकै सहयोग गर्ने प्रतिबद्धता जनाए ।

झापासहित प्रदेश १मै देखिएका विभिन्न विवाद, द्वन्द्वको रुपान्तरणमा दशकदेखि क्रियाशील संवाद समूहलाई रंगशालाको विवाद समाधानका लागि सहजीकरण र संयोजनको भूमिका खेलिदिन पनि प्रमुख अतिथि थापाले आग्रह गरे ।

संवाद समूहले ठूला-ठूला विवाद समाधान गरेको उदाहरण प्रस्तुत गर्दै थापाले रंगशालाको विवादमा पनि संयोजन र सहजीकरणको भूमिका खेल्न आग्रह गर्दै त्यसका लागि दलहरुले गर्नुपर्ने साथ सहयोग गर्न तयार रहेको बताए । उनले सबै दलहरुलाई राजनीतिभन्दा माथि उठेर विवाद समाधान र रंगशालाको विकासमा अग्रसर हुन आग्रह समेत गरे ।

उनले हाल जारी प्रतियोगिता सकिए लगत्तै विवाद समाधानको प्रक्रिया शुरु गर्न पनि आग्रह गरेका छन् । थापाले डोमालाल राजवंशीका परिवार हाल मजदुरी गरेर जीविकोपार्जन गर्न बाध्य रहेकाले उनीहरुको जीविकोपार्जनका लागि पनि केही काम गर्न सबैमा अपिल गरेका छन् । साथै यसैबर्ष डोमालालको स्मृतिमा रंगशालामा शालिक बनाउन पनि उनले झापा गोल्डकपलाई सुझाव दिए ।

आयोजक समितिका अध्यक्ष बिनोद बस्नेतको अध्यक्षतामा विहीवार झापा ११ र सिक्किमबीच प्रतियोगिता भएको थियो ।

# मोटरसाइकल चोर्ने नाइकेसहित ६ जना पक्राउ

पार्थ मण्डल

**झापा, फागुन २६।** झापाको मुख्य व्यापारिक केन्द्र बिर्तामोडबाट मोटरसाइकल चोरी गर्ने गिरोहका मुख्य नाइकेसहित छ जना पक्राउ परेका छन् ।

पक्राउ परेका उनीहरूलाई जिल्ला प्रहरी कार्यालय झापाले बिहीबार दिउँसो पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो । मोटरसाइकल चोरीमा संलग्न सबै भद्रपुरका रहेका छन्.।

पक्राउ पर्नेहरूमा मुख्य नाइके भद्रपुर नगरपालिका-७ निवासी २१ वर्षीय प्रकाश सहनी, सोही ठाउँका २४ वर्षीय प्रकाश दर्जी, २१ वर्षीय दीपक उराऊ, २२ वर्षीय दीपेश राजवंशी, भद्रपुर-१ निवासी ३० वर्षीय बिर्ख लिम्बू र भारत किसनगञ्ज जिल्ला बिरखोर घर भई हाल भद्रपुर-६मा समिम ग्यारेज सञ्चालन गर्ने १९ वर्षीय मोहम्मद समिम रहेको प्रहरी कार्यालय झापाका डीएसपी वसन्त पाठकले जानकारी दिए ।

प्रहरीले उनीहरूका साथबाट चोरीका सात वटा मोटरसाइकल समेत बरामद गरेको छ । बरामद भएकामा पाँच वटा पल्सर, एउटा अपाची र एउटा सुपर स्प्लेन्डर मोटरसाइकल रहेका छन् । बरामद गरिएका सात वटा मोटरसाइकलमध्येका ६ जना सवारी धनी सम्पर्क आइसकेको डीएसपी पाठकले बताए । यता मोटरसाइकल चोरीमा



संलग्न ६ जनालाई झापा जिल्ला अदालत भद्रपुरबाट सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइसकेको उनले बताए ।

**यसरी परे पक्राउ**

बिर्तामोडका आसपासका क्षेत्रबाट दैनिकजसो मोटरसाइकल चोरीका घटना बढ्न थाल्यो । मोटरसाइकल धनीहरूले प्रहरी कार्यालयहरूमा चोरी सम्बन्धी उजुरी दिन थालेपछि प्रहरी कार्यालय झापाबाट खटिएका सादा पोशाकका प्रहरी टोलीले बिर्तामोड क्षेत्रमा निगरानी बढायो । प्रहरीले सूक्ष्म रुपमा अनुसन्धान गर्दा मोटरसाइकल चोरी गर्ने मुख्य नाइके प्रकाश सहनीको पहिचान गऱ्यो ।

त्यसपछि प्रहरीले सहनीमाथि निगरानी बढायो । सहनीले फागुन २३ गते दिउँसो सवा ३ बजेको समयमा बिर्तामोडस्थित एभरेष्ट बैंक शाखा कार्यालयको कम्पाउण्डमा पार्किङ गरी राखेको लु८३ प ३५५४ नम्बरको पल्सर मोटरसाइकल चोरी गरे । उनी सो मोटरसाइकल लिएर भद्रपुरतर्फ लागे ।

‘प्रहरीले उनलाई खेदाउँदै भद्रपुरबाट पक्राउ गऱ्यो’- डीएसपी पाठकले भने- ‘नियन्त्रणमा लिएर उनलाई सोधपुछ गर्दा अन्य संलग्न व्यक्तिहरूको बारेमा जानकारी भयो ।’

त्यसपछि उनीहरूलाई पनि सोही दिन पक्राउ गरिएको उनले बताए । मुख्य नाइके सहनी, दर्जी, उराऊ र राजवंशी चाहिँ मोटरसाइकल चोरी गर्ने कार्यमा संलग्न रहेका छन् । उनीहरूले चोरी गरेर ल्याएको मोटरसाइकलहरू लिम्बू र समिम बेचबिखनका लागि मान्छे खोज्ने कार्यमा संलग्न रहेको खुलेको छ । समिमले आफ्नो ग्यारेजमा लगेर त्यस्ता मोटरसाइकलको हुलिया परिवर्तन, नम्बर प्लेट हटाउने कार्य गर्दै आइरहेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

# झापा विजयी

## आज आर्मी र सातदोबाटो भीड्दै

**बिर्तामोड फागुन २६।** घरेलु टोली झापा-११ फुटबल क्लब पाँचौं झापा गोल्डकपको सेमीफाइनलमा प्रवेश गरेको छ ।

बिहीबार भएको अन्तिम क्वाटर फाइनल खेलमा पाहुना टोली सिक्किमको रेडपान्डा फुटबल क्लबलाई ५-१ को गोल अन्तरले पराजित गर्दै झापा ११ सेमीफाइनलमा प्रवेश गरेको हो ।

झापा-११का लागि बिमल घर्ती मगर, विशाल राई बी, विश्वास श्रेष्ठले गोल गरे । रेडपाण्डाले झापा-११ लाई एक गोल उपहार दियो । रेडपाण्डाले एक गोल फर्कायो । उसका लागि ६६औं मिनेटमा पेनाल्टीमार्फत योगेश मगरले गोल गरे । झापाका बिशाल बस्नेतले सिक्किमका अमन रसाइलीलाई डी-एरियामा फाउल गरेपछि पेनाल्टी पाएको थियो ।

झापा-११ले खेलमा शुरुवाती अग्रता लिएको थियो । खेलको ३१औं मिनेटमा झापाका बिमल घर्ती मगरले पेनाल्टीमार्फत गोल गरे । सिक्किमका सागर गुरुङले झापाका रुपेश बर्तौलालाई डी-एरियामा लडाएपछि पाएको पेनाल्टीमा बिमलले गोल गरे ।

५५औं मिनेटमा सिक्किमका पिन्सो भुटियाले अन गोल गरे । झापाका लागि तेस्रो गोल ५८औं मिनेटमा कप्तान विशाल राई बीले गरे । उनले सिक्किमका गोलरक्षक निण्डुप लेप्चाबाट रिवाउन्स भएको बललाई पोष्टको दिशा दिए । ७७औं मिनेटमा बिमल घर्ती मगरले पेनाल्टीमार्फत टिमका लागि चौथो र व्यक्तिगत दोस्रो गोल गरे । सिक्किमका पिन्सो लेप्चाको हेण्ड बलमा पाएको पेनाल्टीलाई उनले गोलमा परिणत गरे ।

खेलको ८९औं मिनेटमा विश्वास श्रेष्ठले गोल थप्दै टिमलाई ५-१को अन्तरमा पुऱ्याए । मैदानको मध्यभागबाट लगेर गरेको प्रहार गोलमा परिणत भयो । खेलको ८४औं मिनेटमा सिक्किम १० खेलाडीमा समेटियो । सिक्किमका पिन्सो लेप्चा दोहोरो पहेँलो कार्ड पाउँदै मैदान छाड्न बाध्य भए । बिहीबारको खेलको प्लेयर अफ द म्याच बिजयी टोली झापाका विश्वास श्रेष्ठ भए । उनले नगद ९ हजार ९ सय ९९ रुपैयाँ पाए ।

योसँगै पाँचौं संस्करणको झापा गोल्ड कपको क्वाटर फाइनलको समीकरणका खेल पूरा भएका छन् । जीतसँगै झापाले शनिबार संकटा क्लबसँग फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ । शुक्रबारको पहिलो सेमीफाइनल खेल त्रिभुवन आर्मी फुटबल क्लब र सातदोबाटो युथ क्लबबीच हुने आयोजक समितिका अध्यक्ष विनोद बस्नेतले बताएका छन् ।

# कमल अध्यक्ष कप: एपीएफ बिजयी

**कमल, फागुन २६।** प्रदेशस्तरीय प्रथम अध्यक्ष कप फुटबल प्रतियोगिता अन्तर्गत विहीवारको खेलमा धनकुटा फुटवल क्लव, धनकुटा लाई ५-०को गोल अन्तरले हराउँदै एपीएफ पकली सुनसरी बिजयी भएको छ ।

प्रतियोगिताको पहिलो हाफको १४ मिनेटमा एपीएफकातर्फबाट जर्सी नम्वर १७ का सपन कार्कीले गोल गरेर टिमलाई अग्रता दिलाएका थिए । दोश्रो हाफमा ४३औं मिनेटमा एपीएफका जर्सी नम्वर ८८का रोमन भुजेलले पुन: गोल गरेर टिमलाई २-०को अग्रता दिलाएका थिए भने ५२औं



मिनेटमा पुन: जर्सी नम्वर १७कै सपन कार्कीले गोल गरे । त्यसैगरी ५४औं मिनेटमा एपीएफकै जर्सी नम्वर ८८का रोमन भुजेल थप १ गोल गरे । ८१औं मिनेटमा एपीएफकातर्फबाट जर्सी नम्वर ७ का शैलेन्द्र राईले गोल गरसँगै ५-०को फराकिलो गोल अन्तरले एपीएफ पकली सुनसरी बिजयी भएको हो ।

खेलको म्यान अफ द म्याच एपीएफका रोमन भुजेल भएका थिए । उनले नगद २ हजार ५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाण-पत्र प्राप्त गरे ।

प्रदेश नम्वर १ का ८ वटा टिम सहभागी रहेको प्रतियोगिताको आज शुक्रवारको खेल चारतारे फुटवल क्लव लेटाङ्ग र रेडहर्स फुटवल क्लव इलामबीच हुने आयोजक कमल गाउँपालिका खेलकुद विकास समितिले जनाएको छ ।

## घाँस ...

चौकी नकलबन्दा, जिल्ला प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका साथै संघीय प्रहरी इकाइ धरान डग शाखाबाट पाँच जनाको टोली र दुई वटा कुकुर परिचालन गरिएको थियो ।

घटनाको अनुसन्धानको क्रममा मेचीनगर-५का २७ वर्षीय रणबहादुर बस्नेतलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सुपारी ...

पर्छ । ४ वर्षअघि ५० हजार टन सुपारी तेस्रो मुलुकबाट आयात भएको थियो । ‘भारतमा सुपारीमा ८० प्रतिशत भन्सार थियो । तेस्रो मुलुकबाट सुपारी ल्याउँदा कागजी प्रक्रियामा ५ प्रतिशत कटाउँदा ४५ प्रतिशत सोझै मुनाफा थियो । नेपालमा सुपारी आयातमा ५ प्रतिशत मात्रै भन्सार लाग्ने थियो’- स्रोतले भन्यो- ‘यही मुनाफाका कारण सुपारी कारोबारीले राजनीतिक दल, प्रहरी र प्रशासनलाई काबुमा राखेर अवैध रूपमा भारत निकासी गरिरहेका थिए ।’

यसैवीच संसद्को दिगो विकास तथा सुशासन समिति अन्तर्गत गठित उपसमितिले सुपारी आयात खुलाउनुमा सरकारी नियत गलत भएको निष्कर्ष निकालेको छ । तेस्रो मुलुकबाट हुने व्यापारमा भइरहेको नीतिगत व्यवस्थाबारे अध्ययन गर्न गठित उपसमितिले सुपारी आयात खुला गरेर अवैध व्यापारलाई प्रोत्साहन गर्न नहुनेमा जोड दिएको छ ।

रमेशजंग रायमाझीको संयोजकत्वमा बनेको ५ सदस्यीय उपसमितिले सम्बद्ध उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता विभाग, भन्सार विभाग, प्रदेश १ मा रहेका सुपारी उद्योगी र व्यापारीसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन तयार गरेको हो ।

‘सर्वसाधारण बिरामी हुँदा उपचारका लागि डलर दिन नसक्ने सरकारले सुपारी, केराउका नाममा उल्टै डलर विदेश पठाएको छ । कोटा दिँदा अर्बौं रुपैयाँको घोटाला भएको छ’- संसदीय उपसमिति संयोजक रायमाझीले भने ।

कारोबारीले नेपालमा उत्पादनको तथ्यांक बढाएर तेस्रो मुलुकबाट आएको सुपारीलाई नेपाली बनाएर भारत निकासी गर्न दबाब दिँदै आएको उपसमितिको प्रतिवेदनमा उल्लेख छ । यही दबाबले सुपारी खेती नबढे पनि कागजमा उत्पादनको तथ्यांक बढ्ने गरेको छ । मुलुकमा वार्षिक ४/५ हजार टन मात्रै सुपारी चाहिने उपसमिति संयोजक रायमाझी बताउँछन् । ‘लाइसेन्स प्राप्त गुट्खा उद्योग र व्यवसायीहरू वार्षिक ४/५ हजार टन सुपारी पर्याप्त हुने बताउँछन् । तर, आर्थिक चलखेल गरेर सरकारले २५ हजार टनको कोटा दिएको छ’- उनले भने- ‘आयात खोलेर अवैध व्यापारलाई प्रोत्साहन गर्न दिनु हुँदैन ।’

**२५ हजार टन सुपारीमा व्यवसायीलाई कति फाइदा हुन्छ ?**

नेपालमा सुपारी आयात इण्डोनेशियाबाट हुन्छ । एक व्यवसायीका अनुसार इण्डोनेशियामा अहिले १ टन सुपारीको मूल्य २५ सय डलर छ । यो मूल्य सीआइएफ कोलकाताको हो । नेपालमा अहिले डलरको मूल्य करिब १२१ रुपैयाँ छ ।

यो हिसाबले सीआइएफ कोलकाताका लागि एक टन सुपारीको मूल्य ३ लाख २ हजार ५ सय हुन्छ । कोलकाताबाट विराटनगरको आइसीपीसम्म एक टन सुपारी ल्याउँदाको खर्च १० हजार ५ सय लाग्छ । यो हिसाबले आइसीपीसम्म एक टन सुपारी आइपुग्दा ३ लाख १३ हजार रुपैयाँ पर्छ । यसमा भन्सार महसुल प्रतिकिलो ४५ र अन्त:शुल्क प्रतिकिलो २५ रुपैयाँ गरी ७० रुपैयाँको राजश्व तिर्नुपर्छ ।

यसरी प्रतिकिलो ७०का दरले एक टनको ७० हजार पर्छ । आइसीपीसम्म एक टन सुपारी ३ लाख १३ हजार रुपैयाँमा आइपुगेको थियो । त्यसमा ७० हजार राजश्व थपिँदा ३ लाख ८३ हजार रुपैयाँ भयो । अब यसमा भ्याट १३ प्रतिशत लाग्छ । ३ लाख ८३ हजारको भ्याटको रकम ४९ हजार ७९० रुपैयाँ हुन्छ । भ्याट जोड्दा एक टन सुपारीको मूल्य ४ लाख ३२ हजार ७९० रुपैयाँ हुन आउँछ ।

यसमा फुटकर भाडा, भन्सारमा बुझाउनुपर्ने दस्तुर आदि गर्दा टनमा १० हजार रुपैयाँको खर्च छ । १० हजारसमेत खर्च जोडेर एक टन सुपारी विराटनगर वा झापाका व्यवसायीका गोदाममा आइपुग्दा त्यसको परल मूल्य ४ लाख ४२ हजार ७९० रुपैयाँ हुन आउँछ । यस हिसाबले एक किलोको ४४२ रुपैयाँ ७९ पैसा हुन्छ ।

यो हिसाब अनुसार २५ हजार टन सुपारी विराटनगर आइपुग्दा त्यसको परल मूल्य ११ अर्ब ६ करोड ९७ लाख ५० हजार हुने देखिन्छ । यही सुपारीलाई आयातकर्ताले प्रति किलो ६ सयदेखि ६५० रुपैयाँ सम्ममा बिक्री गरिरहेका छन् । विराटनगरका एक थोकविक्रेताले आफूले आयातकर्ता दिनेश राठीसँग ६४० का दरले सुपारी खरिद गरेको जानकारी दिए ।

ठूलो परिमाणमा सुपारी खरिद गर्नेले प्रति किलो ६ सयसम्ममा पनि पाइरहेका छन् । कारोबारीका अनुसार अहिलेका हिसाबमा सुपारी आयात गर्नेलाई प्रति किलो सरदर १५० रुपैयाँ नाफा छ । प्रति किलो १५०का दरले टनमा १ लाख ५० हजार र २५ हजार टनमा ३ अर्ब ७५ करोडको फाइदा हुन्छ ।

**तस्करीका नाका**

जानकारका अनुसार पूर्वमा सुपारीको तस्करी हुने मुख्य नाकामा काँकरभिट्टा हो । तर, अहिले गोदाम यहाँ राखेर नाका परिवर्तन गरिएको छ । छिटपुट रुपमा झापाकै विभिन्न नाका प्रयोग हुँदैछ । तस्करीको नाकामा मोरङको रतुवामाई नगरपालिकाको झुर्किया, सुनबर्सी गाउँपालिकाको सिक्टी, रंगेली नगरपालिकाको चोप्रा, धनपालथान गाउँपालिकाको खयरबोना र नोचा तथा विराटनगर महानगर क्षेत्रभित्रका बुधनगर, इस्लामपुर, मटेरवा र दरैया लगायतका छन् ।

त्यस्तै सुनसरीका साहेबगञ्ज, कप्तानगञ्ज, छिटाहा, भुटाहा र अमडुवा पनि तस्करीका मुख्य केन्द्र भएको प्रहरी स्रोतको दाबी छ । यसबाहेक कोशी पश्चिमका दक्षिणी सीमान्त क्षेत्रबाट पनि ठूलो लाइन चल्ने गरेको छ ।

**भारतमा आयात गर्दाको हिसाब यस्तो छ**

भारतको राजश्व संरचनाका कारण लागतमा पर्ने ठूलो अन्तरले नै नेपालका आयातकर्ता सुपारीको कारोबारमा पल्किएका छन् । जस्को आधार यस्तो छ- भारत सरकारले सुपारीको भन्सार मूल्यांकन टनको २६ सय डलर निर्धारण गरेको छ । त्यस्तै आयात भन्सार महशुल १११ प्रतिशत र जीएसटी २८ प्रतिशत तोकेको छ । टनको २६ सय डलरका हिसाबले कोलकाता बन्दरगाहमा इण्डोनेसियाबाट सुपारी आइपुग्दा नेरु ३ लाख १४ हजार ६०० पर्छ । किनकि उक्त मूल्य सीआइएफ कोलकाताको नै हो । यसका १११ प्रतिशत भन्सार महसुल भनेको ३ लाख ४९ हजार २०६ रुपैयाँ हो। भन्सार महसुल जोड्दा टनको ६ लाख ६३ हजार ८०६ रुपैयाँ हुन आउँछ ।

यसमा २८ प्रतिशत जीएसटी भनेको १ लाख ८५ हजार ८६५ रुपैयाँ हुन्छ । उक्त रकम जोड्दा प्रति टनको ८ लाख ४९ हजार ६७१ रुपैयाँ हुन आउँछ । यो हिसाबले भारतीय आयातकर्ताले कोलकाता बन्दरगाह हुँदै सुपारीको पैठारी गर्दा बन्दरगाहमै टनको नेरु साढे ८ लाख र किलोको नेरु ८५० पर्ने देखिन्छ । यता नेपालमा पैठारी गर्दा र विराटनगरको गोदामसम्म आइपुग्दा किलोमा ४४२ रुपैयाँ ७९ पैसा पर्ने हिसाब माथि नै उल्लेख भइसकेको छ ।

**आयातको तथ्यांक**

आर्थिक वर्ष २०७३/७४ मा २ अर्ब १६ करोडको केराउ र ७९ करोडको सुपारी आयात भएको भन्सार विभागको तथ्यांक छ । २०७४/७५ मा १ अर्ब ७१ करोडको सुपारी र १ अर्ब ६८ करोडको केराउ आयात गरिएको थियो । २०७५/७६ मा १ अर्ब १८ करोडको सुपारी र ४ अर्ब ७३ करोडको केराउ, २०७६/७७ मा २ अर्ब ५७ करोडको सुपारी र १० अर्ब ५ करोडको केराउ आयात भएको थियो । परिमाणात्मक बन्देज लागेपछि २०७७/७८मा ७६ करोड ६९ लाखको सुपारी र ३ अर्ब २६ करोडको केराउ आयात भएको विभागले बताएको छ ।

**स्रोत नखुलेको ५० लाख सुपारी तस्करीको भएको आशंका**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ५० लाख रुपैयाँसहित गत पुसमा कर्मचारी पक्राउ परेपछि सौर्य एयरलाइन्स राजश्व अनुसन्धान विभागको छानबिनमा परेको छ । स्रोतका अनुसार त्यो पैसा कुन स्रोतबाट आएको अहिलेसम्म सौर्य एयरलाइन्सका अध्यक्ष दीपक पोखरेलले कागजात दिन सकेका छैनन् । उनले सो रकम सौर्य एयरलाइन्सकै टिकट बिक्रीबाट प्राप्त भएको बताए पनि स्रोत खुल्ने कागजात दिएका छैनन् ।

हाल दिइएको कागजात विश्वसनीय नभएपछि विभागले त्यसको विश्वसनीय स्रोत खोजिरहेको छ । पुस १७ गते विराटनगरबाट आएको सौर्य एयरलाइन्सको जहाजमा चाउचाउ लेखिएको कार्टुनभित्र ५० लाख रुपैयाँ भेटिएको थियो । स्रोत नखुलेको उक्त रकम लिन आएकी एयरलाइन्सकी कर्मचारी रेशा शाक्यलाई प्रहरीले पक्राउ गरेको थियो । उक्त रकमबारे थप अनुसन्धान गर्न सौर्य एयरलाइन्सका विराटनगरस्थित स्टेशन म्यानेजर प्रकाश पौड्याललाई पनि नियन्त्रणमा लिएर काठमाडौं ल्याइएको थियो। पोखरेल झापाका सुपारी व्यापारी पनि हुन् र बरामद भएको पैसा सुपारीको कारोबार गर्दा छलेको राजश्वबाट आएको आशंकामा छानबिन भइरहेको विभाग स्रोतले बतायो । स्रोतका अनुसार गत साल २५ हजार मेट्रिक टन सुपारी पोखरेलले इण्डोनेशियाबाट आयात गरेका थिए । त्यो सुपारी प्रतिकेजी ३५० रुपैयाँले आयात गरिएको थियो । तर, यो सुपारी बिक्री गर्दा ५० रुपैयाँ कममा बिल काटिएको छ । ‘आयातको वास्तविक मूल्यभन्दा कम रुपैयाँमा बिक्री भएकाले सुपारीमा राजश्व छली गरेको भन्न सकियो, तर अहिले अनुसन्धानकै क्रममा रहेकाले किटान गर्न सकिएन’- स्रोतले भन्यो । अध्यक्ष पोखरेल आफैं दुईपटक राजश्व अनुसन्धान विभागमा बयान दिन आइसकेका छन् । उनीसँग बयान जारी रहेको राजश्व अनुसन्धान विभागका महानिर्देशक प्रकाश पौडेलले बताए । ‘चित्तबुझ्दो बयान आएको छैन, हामी सबै कुरा लिन कोशिस गरिरहेका छौं’- पौडेलले भने । सौर्य एयरलाइन्सका आधिकारिक लगानीकर्ता भारतीय हुन् । पोखरेल दृश्यमा रहेका पात्र मात्रै हुन् । सौर्य एयर तीन वर्षअघि घाटामा गएर बन्द हुने अवस्थामा पुगेको थियो । त्यसपछि त्यसको व्यवस्थापन परिवर्तन भयो । व्यवस्थापन परिवर्तन भए पनि त्यसका शुरूवाती अध्यक्ष पोखरेल नै अध्यक्ष रहे । व्यवस्थापन भारतको कुबेर ग्रुपले ६२ करोड रुपैयाँमा खरिद गरेको बताइएको थियो । कुबेर ग्रुपले भारतमा गुट्खा उत्पादन गर्छ । त्यो कम्पनीमा विदेशबाट ल्याइएको सुपारी घुमाइफिराइ नेपाली भनेर पुऱ्याइन्छ ।

त्यसैले पोखरेलको साइनो कुबेर ग्रुपसँग छ भनिन्छ । विमानस्थलमा सौर्य एयरलाइन्सका कर्मचारीबाट बरामद भएको नगद अहिले राजश्व अनुसन्धान विभागले स्रोत नखुलेको रकम बरामद गर्दा कुबेर ग्रुपले कुन च्यानलबाट सौर्य एयरमा लगानी भित्र्यायो भन्ने स्वाभाविक प्रश्न उठेको छ । स्रोतका अनुसार सौर्य एयरलाइन्सको व्यवस्थापन परिवर्तन हुँदा तीन अर्ब ५० करोड रुपैयाँ नेपाल भित्रिएको छ ।

तर, त्यो रकम भित्रिएको औपचारिक च्यानल भने देखिएको छैन । त्यो रकम हुण्डीबाट नेपाल भित्रिएकाले कानूनी दायित्व पूरा नगरेको देखिँदा अहिले स्रोत नखुलेको रकमको लहरो सौर्यको व्यवस्थापन परिवर्तन हुँदाको कारोबारसम्म पुग्ने देखिएको छ । विभाग स्रोतले यी सबै प्रकरणमाथि छानबिन शुरू भएको बतायो । ‘हुण्डीबाट रकम भित्रिएको बुझिएको छ’- स्रोतले भन्यो- ‘तर, त्यसका च्यानलबारे विस्तृतमा अनुसन्धान गर्नुपर्ने भएकाले अहिले अनुसन्धानको विषयबारे भन्न मिलेन ।’ व्यवस्थापन परिवर्तन हुँदा ६२ करोड मात्रै खर्च भएको भनिएको छ । तर, बाँकी रकम कहाँ गयो भन्ने पनि अनुसन्धानको पाटो छ । ‘अहिले तथ्यमा आएको कुरा, अनौपचारिक च्यानलबाट आएको लगानी सबै विषयमा प्रारम्भिक अनुसन्धान चलिरहेको छ, प्रारम्भिक अनुसन्धानमा आएको तथ्यपछि हामी विस्तृत अनुसन्धान गर्छौं’- विभाग स्रोतले भन्यो ।

## तीब्र ...

लागि लगिएको प्रहरी नायब उपरीक्षक सुवेदीले जानकारी दिए । घाइते डम्बरबहादुर कार्की, करिष्मा तामाङ, तुलसा कटुवाल, सुवास तामाङ र युवा पोखेललाई नेपाली सेनाको हेलिकप्टरबाट उपचारका लागि धरान लगिएको हो ।


**कर्मचारी आवश्यकता**

यस श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.लाई निम्न बमोजिमका कर्मचारी आवश्यक परेकाले इच्छुक उम्मेदवारले तु-सम्पर्क राख्नु होला ।

पद : बजार प्रतिनिधि संख्या : २ जना
योग्यता : Test/SLC पास कार्यक्षेत्र : झापा जिल्लाभरि
आवेदन शुल्क : रु. १००।- मात्र
निवेदन दिने अन्तिम मिति : २०७८ फागुन ३० गतेसम्म
आवश्यक कागजात : नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, बायोडाटा, सवारी चालक अनुमति पत्र साथै आफ्नै सवारीसाधन भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।

**लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.**
बिर्तामोड, झापा (सम्पर्क : ०२३-५३०७३४)






**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## आसन्न निर्वाचन र दलीय भूमिका

**स्थानीय तहको आसन्न निर्वाचनका लागि नेपाली कांग्रेसले चुनावी गतिविधि प्रारम्भ गरेको छ । पार्टीको केन्द्रीय कार्यालयमा बुधबार आयोजित पत्रकार सम्मेलन मार्फत प्रवक्ता प्रकाशशरण महतले आसन्न निर्वाचनका लागि 'घर-घर जाऔं-कांग्रेस जिताऔं' नारा तय गरेको जानकारी दिँदै स्थानीय तह लक्षित निर्वाचनको प्रचार-प्रसार र मतदाता सचेतनाका लागि केन्द्रीय सदस्यहरुलाई जिल्ला-जिल्लामा खटाइएको बताए । निर्वाचनको तयारीमा लाग्न सम्पूर्ण नेता-कार्यकर्तालाई निर्देशन दिँदै प्रवक्ता महतले अमेरिकी सहयोग परियोजना एमसीसीका बारेमा उत्पन्न गराइएको भ्रम चिर्नुपर्ने चुनौति समेत रहेको उल्लेख गरे । यसपटकको निर्वाचनमा आम मतदातालाई आकर्षित गर्न हरेक हातलाई जिम्मेवारी दिने भन्दै प्रवक्ता महतले आफ्ना कार्यकर्तालाई समेत सक्रियतापूर्वक मतदाता समक्ष पुऱ्याइने बताए ।**

**नेपाली कांग्रेसले आसन्न निर्वाचनका लागि यही फागुन २९ गतेदेखि स्थानीय तह निर्वाचन अभियान प्रारम्भ गर्दैछ । त्यसकै बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रवक्ता महतले एमसीसीका बारेमा कम्युनिष्टहरुले आमजनतामा भ्रम सृजना गरेकोले उक्त परियोजनाको तथ्यगत विवरणसहितको पुस्तिका गाउँ-गाउँसम्म पुऱ्याइने जानकारी दिए । विगतका निर्वाचनका अनुभवहरुबाट सिक्दै आगामी स्थानीय, प्रदेश र संघीय निर्वाचनका लागि नवीन रणनीति अनुसार परिचालन हुने निर्वाचन अभियानमा स्थानीयदेखि केन्द्रीय पदाधिकारीहरु सबैको अहम् भूमिका रहने बताइएको छ ।**

**केन्द्रको जस्तै स्थानीय तहको समेत घोषणापत्र बनाइने बताएका प्रवक्ता महतले घोषणापत्र स्थानीय निकायको चरित्र र विशिष्टता अनुरुप हुने जानकारी दिए । यद्यपि हिजोसम्मका निर्वाचन विचार, कार्यक्रम र प्रतिबद्धता अनुरुप जितिएका छैनन् । अझै पनि मतदातामा सचेतना शिक्षाको खाँचो यथावत छ । भ्रम छरेर, आश्वासन बाँडेर त कतै भय सृजना गरेर निर्वाचन परिणाम आफ्नो अनुकूल बनाउने विगतको परिपाटी बदल्न सहज छैन । त्यसैले नेपाली कांग्रेस जसले बहुदलीय प्रजातन्त्रको खातिर कठीन संघर्ष गरेको छ उसको भूमिका अहम् हुनुपर्छ । मतदातालाई सचेत, सजग र सक्रिय बनाउँदै कार्ययोजना, राष्ट्रिय एवम् स्थानीय आवश्यकताका मुद्दाहरुलाई सम्बोधन गर्ने आँट गर्नुपर्छ । ढाँटको राजनीतिले न जनताको समृद्धि सम्भव छ न त दलीय अस्तित्व जोगाउन सकिन्छ । यसकारण पनि स्पष्ट, पारदर्शी, घोषित संकल्पसहित मतदातालाई आकर्षित गर्न राजनीति दलहरुले नैतिक र नैष्ठिक भूमिका निर्वाह गर्नैपर्छ ।**

# युक्रेनमा रूसी आक्रमण : हामीले व्यहोर्नुपर्ने बाछिटा

**विनोद सिजापती**

यो आलेख लेख्दै गर्दा रुसले युक्रेनमाथि गरिएको आक्रमणको दुई साताभन्दा धेरै भइसकेको छ। रुसी राष्ट्रपति पुटिनले छ दिनमै युक्रेनलाई आफ्नो सेनाले कब्जामा लिने घोषणा गरेका थिए। तिनले छ दिन लामो इजराइल-अरब युद्ध (१९६७) स्मरण गरेका हुन सक्छन्। रुसी फौजले आणविक भट्टीदेखि शहरी भवनहरूमा बम बर्साउँदै छ। युक्रेनी सेना तथा नागरिकले आक्रमणकारीविरुद्ध जबर्जस्त मुकाबिला गर्दैछन्। युद्धको प्रकृति मध्यनजर गर्दा युद्धबारे दुईवटा लख काट्न सकिन्छ। पहिलो, रुसी फौजले सहजसँग युक्रेन कब्जा गर्न सक्दैन। धेरै समय, मानवीय र भौतिक क्षति हुने देखिन्छ। दोस्रो, रुसी फौजले युक्रेनमा कब्जा जामाइ हाल्यो भने पनि उसले युक्रेनी भूमिलाई आफ्नो अधिनमा राख्न कठिन छ। त्यस अवस्थामा युद्ध लम्बिँदै जाने सम्भावना देखिन्छ।

पुटिनले किन युक्रेनमाथि आक्रमण गरे ? उत्तर अस्पष्ट छ। रुसी समर्थकहरूले युक्रेनले लक्ष्मणरेखा नाघेको भन्दै आएका छन्। पश्चिमा मुलुकहरू ( युरोपियन युनियन तथा नाटो सदस्य राष्ट्रहरू) सँगको युक्रेनले निकट सम्बन्ध स्थापना गर्दा रुसमाथि सुरक्षा चुनौति थोपरिएको हुनाले रुसी कारबाही आवश्यक परेको ठम्याइ छ। यो तर्कलाई स्वयम् राष्ट्रपति पुटिनले गलत ठहऱ्याएका छन्। लामो कृत्रिम ऐतिहासिक लेख प्रकाशित गरेर युक्रेन रुसको अभिन्न अंग भएको तर्क तिनले प्रस्तुत गरेका छन्।

उक्त लेखमा लेनिनमाथि ऐतिहासिक गल्ती गरेको आरोप तिनले लगाएका छन्। युक्रेनलाई अलग राष्ट्रको मान्यता लेनिनले दिएर समस्या सिर्जेको तिनको भनाइ छ। पुटिनका अनुसार, रुसी र युक्रेनियनबीच नश्लको सम्बन्ध छ। दुबै एकै जाति स्लाभ हुन्। हिटलरले पनि दोस्रो युद्ध शुरु गर्नुपूर्व अस्ट्रियामा जर्मन जाति र भाषाभाषिको बाहुल्य भएको हुनाले अलग राष्ट्र हुनुको औचित्य छैन भनेका थिए।

युक्रेन स्वतन्त्र राष्ट्र भएको हुनाले उसले कुन राष्ट्र वा राष्ट्रहरू के-कस्तो सम्बन्ध कायम गर्ने त्यसको निर्णय युक्रेनबासीले गर्ने हो। युक्रेनसँग दुई हजार दुई सय ९५ किलोमिटर लामो सीमाना भएको हुनाले रुसको चासो सुरक्षा हो। युक्रेनले विस्तार गरेको सम्बन्धले रुसी सुरक्षामा के/कस्तो प्रभाव पर्छ ? त्यस विषयमा छिमेकी राष्ट्र संवेदनशील हुनु नितान्त आवश्यक थियो र छ। तर, युक्रेनले रुसको सुरक्षा दखल हुने कार्य गरेको प्रमाण रुसले कतै पनि प्रस्तुत गरेको छैन। नाटोको सदस्यता चर्चामा आउँदा साथै नाटो सदस्य राष्ट्रहरूले युक्रेनलाई सदस्यता दिने विषय थातीमा राखे। युक्रेनले रुस लगायत पश्चिमी राष्ट्रहरूको सुरक्षा आश्वासनलाई भरोसा गरी आफूसँग भएको आणविक भण्डार नष्ट गरेको थियो ( १९९४)।

पुटिनका विषयमा धेरै चर्चा गर्नु आवश्यक पर्दैन। तिनले कुन बेलामा के-कस्तो नर्णय गर्छन् त्यसको अन्दाज हालसम्म कसैले गर्न सकेका छैनन्। पुटिन ज्ञाता कहलिएका रुसी तथा पश्चिमा बुद्धिजीवी लगायत सुरक्षा निकायका कर्मचारीलाई रुसले जर्जिया माथि ( २००८) आक्रमण गर्छ भन्ने विश्वास थिएन। धेरै विश्लेषक तथा सुरक्षाविद्हरू २०१४ मा रुसले युक्रेनलाई आक्रमण गरी क्रिमिया हडप गर्ला भन्ने सोचेका पनि थिएनन्। त्यही वर्ष रुसले युक्रेनको दोनेस्क तथा लुहानस्क ओब्लास्ट्स क्षेत्रमा पनि कब्जा जमायो। त्यसो त, ३-४ महिना पूर्वा युक्रेनको सीमानामा रुसले बृहत् सैनिक परिचालन गर्दा पनि धेरैले पुटिनले 'ध्वाँस' दिन खोजेको अर्थ लगाए। विगतमा पनि तिनले सैनिक शक्ति प्रदर्शन गरेर पश्चिमा शक्तिसँग सौदाबाजी पटक-पटक गर्दै आएका हुन्। खुफिया एजेन्सीहरूले दुई-तीन महिना अघिसम्म पुटिन युद्धमा होमिने छैनन् भन्ने लख काटेका थिए। युद्धको परिणाम कति घातक हुन्छ भन्ने केजीबीको पूर्व कर्णेललाई राम्रैसँग थाह छ भन्ने विश्वास थियो। पुटिनले युद्धको जोखिम मोले। युद्धबाट हुने परोक्ष तथा अपरोक्ष प्रभावहरूलाई तिनले नजरअन्दाज गरे।

**आक्रमणकारीलाई कसले रोक्ने ?**

युक्रेनमा रुसले आक्रमण गर्ने निश्चित भए लगत्तै अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकी सेनालाई युक्रेन नपठाउने घोषणा गरेका थिए। उक्त घोषणालाई 'उक्साउने तर आपत्-विपत् परेको बेला मुन्टो फर्काउने अमेरिकी नीतिको निरन्तरता' ठहर गरेका छन् धेरै पर्यवेक्षकले। जबसम्म अमेरिकाले सैनिक हस्तेक्षप गर्न अग्रसर हुँदैन तबसम्म नाटो अगाडि बढ्ने प्रश्न उठ्दैन। भर्खर अफगानिस्तानबाट 'पुच्छर लुकाएर' भागेको अमेरिका रुससँग भिड्न अग्रसर किन हुन थियो ? त्यसो त, दुई राष्ट्रबीच भिडन्त भयो भने आणविक युद्ध हुने प्रायः निश्चित छ। दोस्रो विश्वयुद्धका सहयोद्धा रुस र अमेरिका आफूहरूबीच धेरै पटक वाक-युद्ध गरे।



क्युबामा रुसी मिसाइल बेस निर्माण (१९६२) प्रयासबाट रुस पछि हट्यो, दुई राष्ट्रबीच सम्भावित मुठभेड टार्न। सिरियामा रुसी हस्तक्षेप बढ्न थालेपछि अमेरिका पछि हट्यो। रुसले अफगानिस्तान, इराक र लिबिया आदि मुलुकहरूमा अमेरिकालाई रोक्ने प्रयास गरेन।

वर्तमान कालखण्डमा अमेरिकी जनमत युद्धको पक्षमा छैन। युक्रेनको सुरक्षाका निमित्त अमेरिकी सेनाले ज्यान फाल्न किमार्थ तयार हुँदैन। आणविक हतियार सञ्चालक फौजलाई उच्च सतर्क हुन आदेश दिने पुटिनसँग भिडेर विश्व विनाशको सम्भावना अमेरिकी नागरिकका निमित्त स्वीकार्य हुँदैन।

युरोपेली राष्ट्रहरू असामन्जस्य अवस्थामा छन्। रुससँगको 'इन्गेजमेन्ट' बढाउन अग्रसर थियो, युरोप। रुसले उनीहरूको २५ प्रतिशतभन्दा बढी इन्धन आपूर्ति गर्दै आएको छ। रुसबाट इन्धन आपूर्ति हुने सुनिश्चित भएकाले जर्मनीले इन्धन उत्पादन गर्ने आणविक भट्टीहरूमा ताल्चा मारेको छ। तात्कालिक अवस्थामा जर्मनी मात्र होइन प्रायः सबै युरोपेली राष्ट्रहरू रसियन पाइप लाइन बन्द होला भन्ने चिन्तामा छन्। उनीहरूको सामुन्ने तात्कालिक उपलब्ध हुने वैकल्पिक इन्धन स्रोत छैन। अर्कातर्फ रुससँग सिमाना जोडिएका राष्ट्र आफैं रुसलाई सुरक्षाको चुनौतिको रुपमा हेर्न थालेका छन्। उनीहरूलाई रुस युक्रेनमा रोकिने हो वा अघि बढ्छ त्यसको भय छ। छिमेक राष्ट्रहरूले अप्रत्याशित रुपमा बढ्दो युक्रेनी शरणार्थी समस्याको बोझ थेग्नुपरेको छ। रुससँग भिडिहाल्दा व्यहोर्नुपर्ने क्षति र मूल्य चुकाउन कुनै पनि युरोपियन राष्ट्र तयार छैन।

चीनले विगतमा कुनै एक राष्ट्रले अर्को राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप गऱ्यो भने त्यसको घोर विरोध गर्दै आएको थियो। सी चिन पिङ र पुटिनबीचको सुमधुर-मैत्री सम्बन्धका कारण हो वा अन्यले गर्दा चीनले यसपटक मौनधारण गरेको छ। यो मौनतालाई केही विश्लेषक युद्धप्रति युरोपेली मुलुकहरूको प्रतिक्रिया अध्ययन गर्ने चिनियाँ रणनीति ठानेका छन्। ताइवानलाई एकीकरण गर्न दृढ संकल्पित चीनका निमित्त युरोपियन मुलुक तथा अमेरिकाले रुसी हस्तक्षेपलाई कसरी प्रतिकार गर्छन् त्यो अध्ययनको विषय भएको छ।

युरोपको रणभूमिमा हात बाँधेर बस्ने राष्ट्रहरू ताइवानलाई जोगाउन अग्रसर होलान् ? रुसको समर्थनमा ताइवानलाई एकीकरण गर्न सहज पनि हुन्छ। भारत, रुसलाई चिढाउने अवस्थामा छैन। भारतसँग रुसको मैत्री सम्बन्ध प्रगाढ छ। भारतीय सुरक्षाका निमित्त हतियारको प्रमुख स्रोत रुस हो। भारत-रुसविरुद्धमा एक वचन पनि बोल्न चाहँदैन। रुसले गरेको आक्रमणलाई आँखा चिम्लनु भारतको स्वार्थमा छ।

अर्को शक्ति राष्ट्र टर्कीको अवस्था फरक छैन। टर्कीको ४० प्रतिशत इन्धन आपूर्ति रुसबाट हुन्छ। नाटो सदस्य भए पनि टर्की युक्रेनका निमित्त युद्धमा होमिन तयार छैन। जापान, अस्ट्रेलिया तथा एसियन सदस्य राष्ट्रहरू रुसविरुद्ध मोर्चाबन्दी गर्न रणनीतिक हिसाबले पनि इच्छुक छैनन्। केजीबीको पूर्वकर्साब पुटिनले युक्रेनविरुद्ध आक्रमण गर्नुपूर्व माथि उल्लिखित अवस्थाको लेखाजोखा नगरी अकस्मात् आक्रमण अवश्य पनि गरेका होइनन्।

विद्यमान अवस्थामा विश्व समुदायका सामुन्ने रमिते हुनुको विकल्प धेरै छैन। रुसले युक्रेनलाई बलात्कार गरेको टुलुटुलु हेर्न मानवीय समवेदनाको कारणले पनि सम्भव हुँदैन। त्यही कारणले गर्दा हो, अन्तर्राष्ट्रिय समुदाय युक्रेनको पक्षमा खडा भएको। युद्धविरामको माग बढ्न थालेको छ। विश्व समुदायको नैतिक समर्थन युक्रेनको पक्षमा। युद्धविरुद्ध रुसमा पनि जनमत बढ्दो छ। अत्यन्त प्रतिकूल अवस्थामा पनि रुसी सहरहरूमा दिनहुँ युद्धविरुद्धमा प्रदर्शन हुँदैछन्।

यिनै वास्तविकता आत्मसात् गरी युक्रेनका राष्ट्रपति जेल्नस्की सहयोगको याचना गर्दैछन्। तिनले युरोप र अमेरिकासँग सहयोग माग्दा आत्मरक्षाका निमित्त आवश्यक हतियारको आपूर्ति तथा आर्थिक सहयोग, युक्रेनियन भू-भागलाई 'नो फ्लाई जोन' घोषणा तथा रुसविरुद्ध प्रभावकारी प्रतिबन्ध लागू गर्नु हो। तिनले माग गरेका तीन मध्ये कठिन अनुरोध 'नो फ्लाई जोन' हो। युक्रेनको हवाइ क्षेत्रमा रुसी हवाईजहाजलाई निषेधित गर्ने आदेश दिन युरोप तथा अमेरिका तयार छैनन्। त्यस्तो आदेशलाई रुसले मान्नेवाला छैन। उल्टो त्यसलाई रुस आफूमाथि आक्रमण गरेको ठहर गर्नेछ।

हतियारको आपूर्ति र आर्थिक सहयोग दिनुको अर्थ, युक्रेनलाई रुसी हमलाबाट हुने धनजन क्षति न्यून गर्नु हो। आर्थिक नाकाबन्दीको प्रभाव प्रत्यक्ष रूपमा रुसी नागरिकले खेप्ने हो, राष्ट्रपतिले होइन। धमिरा लागेको रुसी अर्थतन्त्रलाई नाकाबन्दीको प्रभाव अन्य राष्ट्रलाई भन्दा बढी हुने निश्चित छ। त्यसैगरी पुटिनलाई सहयोग गर्ने 'ओलिगार्क'हरूको सम्पत्तिमा पश्चिमा राष्ट्रहरूले रोक लगाउँदा उनीहरू निस्तेज हुन्छन्। तिनीहरूको समर्थन पुटिनका निमित्त अत्यावश्यक छ। उनीहरू युद्धको खिलाफ खडा भएको खण्डमा पुटिनलाई कठिनाइको सामना गर्नुपर्ने हुन्छ।

युक्रेनको समर्थनमा हुने नैतिक, आर्थिक तथा आवश्यक युद्ध सामग्रीहरूको सहयोगले निश्चय पनि युद्ध अवधि लम्बिने छ। युद्ध जति लम्बिन्छ, त्यति त्यति युद्धको राप र तापले विश्वलाई सताउने निश्चित छ। आशाको त्यान्द्रो नै किन नहोस् युद्ध छोटिने भनेको राष्ट्रपति पुटिनको पतन हो। विनाकारण युद्धमा राष्ट्रलाई होमेकोमा उनीप्रति रुसी नागरिक रुष्ट छन्। त्यसो नहुँदो हो त रुसमा युद्धका विषयमा सामान्य लेख प्रकाशनमा पनि प्रतिबन्धित लाग्ने थिएन। रुसी मिडियाहरू प्रतिबन्धित हुन थालेका छन्। निश्चय नै जब युक्रेनमा खटिएका सैनिकहरू बाकसमा बापस आउन थाल्छ, तब पुटिनविरुद्ध जनमत आकासिने छ। आर्थिक नाकाबन्दीको असरले बजारमा सामानहरूको अभाव हुने निश्चित छ। अभावग्रस्त नागरिकले जतिसुकै शक्तिशाली तानाशाहलाई लामो अवधिसम्म सत्तासीन हुन दिँदैनन्। पुटिनका निमित्त यो युद्ध पतन-पथ साबित हुन सक्छ।

हामो मुलुकका निमित्त युक्रेनमाथिको रुसी आक्रमण तत्काल निम्ति प्रभाव कम देखिन्छ। युक्रेनमा अध्ययन गर्न पुगेका विद्यार्थी तथा त्यहाँ काम गर्दै गरेका सीमित संख्याका नेपाली नागरिकलाई उद्धार गर्न सरकारले सक्रियता देखाएन। अधिकांश नेपालीले युक्रेन छोडेको बुझिन्छ। तर, जति जति युद्ध लम्बिँदै जान्छ, त्यसको बाछिटाले हामीलाई पनि भिजाउने निश्चित छ। पश्चिमा मुलुकहरूले युक्रेनलाई मानवीय तथा रक्षात्मक सहयोग बढाउन थालेपछि उनीहरूले दिँदै आएको विकास सहयोग घट्न थाल्छ।

हामी जस्तो स्रोत र साधनको अभावमा पिल्सिएको मुलुकका निमित्त दातृराष्ट्रहरूले दिने सहयोगमा कटौती आउनु भनेको अनिष्ट निम्तनु हो। अर्को त, युद्धले इन्धनको आपूर्तिमा प्रत्यक्ष असर पार्छ नै। इन्धनको अभाव भनेको मूल्य वृद्धि हो। इन्धनको मूल्य वृद्धिले बजारमा उपलब्ध हुने सामग्रीहरूको उत्पादन मूल्य तथा आपूर्तिमा प्रत्यक्ष असर पर्छ। त्यसैगरी युद्धका कारणले वैदेशिक रोजगारीका अवसर तथा पर्यटक भित्रिने क्रम खस्कने निश्चित छ। व्याप्त गरिबीले झन् विपन्न तुल्याउने चक्रव्यूहमा फस्ने प्रबल सम्भावना छ। *इकागज*

## ज्येष्ठ नागरिकले गरे रक्तदान



**चारपाने, फागुन २६।** कनकाई नगरपालिका-७ कालीमुढामा ५० जनाभन्दा धेरै ज्येष्ठ नागरिकले रक्तदान गरेका छन्।

नेपाल हृदय रोग निवारण प्रतिष्ठान झापाको आयोजना र ज्येष्ठ नागरिक समाजको संयोजनमा भएको निःशुल्क मुटुरोग सम्बन्धी गरिने रक्त परीक्षण (लिक्युट प्रोफाईल)का लागि ज्येष्ठ नागरिकहरुले रक्तदान गरेका हुन्।

कार्यक्रममा नेपाल हृदय रोग निवारण प्रतिष्ठानका उपाध्यक्ष समेत रहेका स्वास्थ्य प्राविधिक लक्षेन्द्र यादवले रक्त संकलन गरेका छन्। सबै उमेर समूहमा मुटुरोग सम्बन्धी सचेतना र विपन्न असाहयहरुलाई मुटुरोगको उपचारमा सहजीकरण र सहयोग गर्ने उद्देश्यका साथ स्थापना भएको प्रतिष्ठानले यसअघि झापाका विभिन्न ठाउँमा स्वास्थ्य शिविर सञ्चालन गरिसकेको छ। यसै बर्ष १२ जनालाई शहीद गंगालाल हृदयरोग केन्द्रमा उपचारको लागि सिफारिस गरिएको प्रतिष्ठानका अध्यक्ष कुमामणि पोखरेलले बताए।

पोखरेलले अब झापाका ग्रामीण क्षेत्रहरुमा पनि स्वाथ्य शिविरहरु द्रुतगतिमा लैजाने, बालबालिकाहरुमा मुटु रोगको समस्या विकाराल बन्दै गएको पाएकाले विद्यालयहरुमा पनि शिविर लैजाने बताए। समुदायमा आर्थिक अभावको कारण मुटुरोगको उपचार गर्न नसक्ने व्यक्तिहरुलाई उपचारमा सहजीकरण र सघाउ पुऱ्याउने र त्यसका लागि हामीलाई सम्पर्क गर्न समेत पोखरेलले आग्रह गरेका छन्।

नेपाल हृदयरोग निवारण प्रतिष्ठान झापाका अध्यक्ष कुमारमणि पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस चौतारी प्रदेश १ का सदस्य राम निरौलाको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि निरौलाले विभिन्न संघ-संस्थामा रहेर काम गर्ने बताए। यो संस्थामा रहेर नागरिकको सेवा गर्न सकेको खण्डमा सामाजिक अभियन्ताहरुलाई सबैभन्दा धेरै आत्मसन्तुष्टी मिल्ने विश्वास व्यक्त गर्दै प्रतिष्ठानले गरेका कार्यक्रममा आफूले पनि सकेको सेवा गर्ने बताए।

ज्येष्ठ नागरिक कनकाईका सचिव शम्भु पोखरेलले स्वागत गरेको कार्यक्रममा प्रतिष्ठानका सदस्य दिनेश पोखरेलले औचित्यमाथि प्रकाश पारेका थिए। कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सचिव लुवराज उप्रेतीले गरेका थिए।

## पाँचथरमा खोज पत्रकारिता तालिम

**युद्धबहादुर बोहोरा**




**पाँचथर, फागुन २६।** नेपाल पत्रकार महासंघ पाँचथर शाखाद्वारा आयोजित खोज पत्रकारिता सम्बन्धी तीन दिने प्रशिक्षण समापन भएको छ।

पत्रकारको क्षमता विकासमा टेवा पुऱ्याउने उद्देश्यसहित शाखाले संयोजन गरेको तालिममा ३५ जना पत्रकारको सहभागिता रहेको थियो। उक्त तालिम तुम्बेवा गाउँपालिकाको आर्थिक सहयोगमा सञ्चालन गरिएको हो।

खोज पत्रकारिता केन्द्रका सम्पादक किरण नेपाल, महासचिव रामजी दाहाल र वल्ड भ्यू नेपालका अध्यक्ष केदार शर्माले तालिमको सहजीकरण गरेका थिए। खोज पत्रकारिता गर्दा आइपर्ने चुनौति, प्रभाव र यसको आवश्यकताबारे उनीहरुले प्रशिक्षणमा जानकारी गराएका थिए। विषय वस्तुको पहिचान, रिपोर्टङ कसरी तयार गर्ने, खोजमूलक सामग्रीको अनुसन्धान, संकलन कसरी गर्ने साथै लेखन विधिको समेत उदाहरणसहित प्रस्तुत गरेका थिए।

यसअघि शाखाले मल्टिमिडिया रिपोर्टिङ तालिम सम्पन्न गरिसकेको छ भने दुई आर्थिक वर्षलाई 'क्षमता विकासका लागि तालिम वर्ष' घोषणा गरेसंगै फिचर लेखन तालिम, फोटो पत्रकारिता, आर्थिक, वातावरण, खेलकुद, अनलाईन पत्रकारिता तालिम लगायतका सम्बन्धी तालिम सञ्चालन गरिने महासंघले जनाएको छ।

शाखा अध्यक्ष गिरीराज बाँस्कोटाको अध्यक्षतामा जिल्ला समन्वय समिति पाँचथरका प्रमुख विष्णुप्रसाद सापकोटाको प्रमुख आतिथ्यमा समापन भएको प्रशिक्षणमा प्रमुख जिल्ला अधिकारी सुरेश न्यौपाने, सहजकर्ता नेपाल, नेपाल पत्रकार महासंघ १ नम्बर प्रदेशका उपाध्यक्ष लवदेव ढुंगानाले मन्तव्य राखेका थिए।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख प्रहरी नायवक उपरीक्षक राकेश थापा, फिदिम नगरपालिकाका प्रशासकीय अधिकृत गणेशप्रसाद दाहाल, नेपाल पत्रकार महासंघ पाँचथर शाखाका पूर्व सभापति प्रेम ओझा, कृष्ण ओझा, पूर्व अध्यक्ष लक्ष्मी गौतम लगायतको सहभागिता रहेको थियो।

शाखाका सहसचिव प्रिय योङहाङले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष राधा लुइँटेलले स्वागत गरेकी थिइन्।

## कर्णाली साकोसको शिक्षा कार्यक्रम

**अर्जुनधारा, फागुन २६।** अर्जुनधारा क्षेत्रमा रहेका आफ्ना शेयर सदस्यहरुलाई लक्षित गरी बिर्तामोड-४ स्थित कर्णाली बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सहकारी शिक्षा कार्यक्रम सम्पन्न गरेको छ।

संस्था सञ्चालक समितिकी अध्यक्ष गौरीमाया चिमरीया 'अस्मिता'को अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा सहजकर्ताद्वय शिक्षा उपसमितिका संयोजक भूपाल बस्नेत र सदस्य देवीबहादुर पाठकले सहजीकरण गरेका थिए।

सहकारी शिक्षासँगै संस्थाको चिनारी, संस्थामा शेयर सदस्यता विवरण सम्बन्धी व्यवस्था, संस्थाको वस्तु र सेवाहरु, सदस्यमा सामाजिक सुरक्षा कार्यक्रमहरु, सदस्यहरुलाई उपचार सुविधा सम्बन्धी नियम र कोषको स्रोतको व्यवस्था, विशेष उपचार सुविधा लगायतका विषयमा जानकारी गराइएको कार्यक्रममा एक सय दुई जनाको सहभागिता रहेको बताइएको छ।

अर्जुनधारा नगर पशुपंक्षी, मत्स्य तथा कछुवा विकास शाखा प्रमुख पदमलाल राई, अर्जुनधारा प्रेस क्लबका उपाध्यक्ष रमेश समदर्शी, ज्येष्ठ शेयर सदस्य देवी पाठक लगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन शिक्षा उपसमितिका सदस्य पाठकले गरेका थिए।

# सुरुङ्गा रेडक्रसमा बालकृष्ण

**सुरुङ्गा, फागुन २६।** नेपाल रेडक्रस सोसाइटी उपशाखा सुरुङ्गाको अधिवेशनले बालकृष्ण प्रसाईको सभापतित्वमा सर्वसम्मत कमिटी चयन गरेको छ।

प्रसाई विद्यार्थीकालदेखि नै जुनियर रेडक्रस हुँदै रेडक्रस अभियानमा संलग्न हुँदै आएका थिए। बाढीपीडित, आगलागीपीडित लगायतका दुःखमा परेकालाई सहयोग गर्ने काममा अग्रसर हुँदै सामाजिक कार्यमा सहभागी हुँदै आएका प्रसाई हाल लालपानी माध्यमिक विद्यालय शिवसताक्षी-७ का प्रधानाध्यापक समेत रहेका छन्।

उनले आफ्नो कार्यकालमा रेडक्रस जिल्ला शाखासँग सुरुङ्गा रेडक्रसको सम्बन्धलाई सुमधुर बनाउने, जुनियर रेडक्रस र युवा रेडक्रस एवम् अन्य रेडक्रसकर्मीको साथ र सहयोग लिएर आफ्नो सेवा क्षेत्रभित्र रेडक्रसको आदर्श अनुरूपका कार्य अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्। प्रसाईले सुरुङ्गा रेडक्रस अन्तर्गत सञ्चालित विपद कोषलाई थप व्यवस्थित बनाउन पहल गर्ने बताए।

त्यसैगरी उपसभापतिमा अम्बिका चापागाँई (सुवेदी), सचिव अर्जुन बोहरा, कोषाध्यक्ष दीपक भट्टराई, उपसचिव हरिन्द्र कार्की रहेका छन्। त्यस्तै सदस्यहरुमा कमल कट्टेल, सुमन कार्की, श्यामकुमार पौडेल, गोपालप्रसाद उप्रेती र महिला सदस्यमा गोमा कार्की सर्वसम्मत चयन भएको निवर्तमान अध्यक्ष प्रवीण तिम्सिनाले जानकारी दिए।

नेतृत्व चयन पछिको शपथ ग्रहण कार्यक्रममा सुरुङ्गा रेडक्रसका संस्थापक अध्यक्ष गेहनाथ उप्रेतीले नयाँ कमिटीलाई बधाई दिँदै रेडक्रसका महान आदर्शलाई अनुशरण गर्दै नवनिर्वाचित नेतृत्व क्रियाशिल हुनेमा आफू आशावादी रहेको बताएका थिए।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**

**मो. ९८०३२५०४७२/९८०१३६४०९३**



## समाजसेवी बहुउद्देश्यीय सहकारी संस्था लि.

## कर्मचारी आवश्यकता

यस समाजसेवी बहुउद्देश्यीय सहकारी संस्था लि. बिर्तामोड-१ झापाको शनिश्चरे सेवाकेन्द्रका लागि २ जना बजार प्रतिनिधिहरुको आवश्यकता परेको हुँदा तपशिलको योग्यता पुगेका नेपाली नागगरिकहरुबाट आजको मितिले १५ दिनभित्रमा दरखास्त आह्वान गरिन्छ। रित नपुगी र म्याद नाघी परेका निवेदन उपर कारवाही गरिने छैन।

**तपशिल**
१. योग्यता : एस.एल.सी उत्तीर्ण
२. उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
३. निवेदन दस्तुर : रु. ३००।–
४. सेवासुविधा : संस्थाको नियम बमोजिम
५. स्थानीयलाई प्राथमिकता दिइने छ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु**
१. शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि
२. पासपोर्ट साइजको २ प्रति फोटो
३. नेपाली नागरिकताको प्रतिलिपि

**अध्यक्ष**



## मदन भण्डारी राजमार्ग इलाम खण्डमा प्रस्तावित 'बुकुवा खोला पुल' 'बिदुवा खोला पुल'को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम

*प्रथम पटक प्रकाशित मितिः २०७८/११/२६*

श्री सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा प्रस्तावित 'बुकुवा खोला पुल मदन भण्डारी राजमार्ग इलाम खण्ड अन्तर्गत इलाम जिल्ला, चुलाचुली गाउँपालिका वार्ड नं. ५ बीच भई बग्ने बुकुवा खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ।' 'बिदुवा खोला पुल मदन भण्डारी राजमार्ग इलाम खण्ड अन्तर्गत इलाम जिल्ला, चुलाचुली गाउँपालिका वार्ड नं. ५ तथा वार्ड नं. ४ बीच भई बग्ने बिदुवा खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ।'

| क्र.सं. | खोला/पुल | प्रभावित क्षेत्र |
|---|---|---|
| १. | बुकुवा खोला पुल (लम्बाई ४० मिटर) | इलाम जिल्ला, चुलाचुली गाउँपालिका वार्ड नं. ५ |
| २. | बिदुवा खोला पुल (लम्बाई ११० मिटर) | इलाम जिल्ला, चुलाचुली गाउँपालिका वार्ड नं. ५ तथा वार्ड नं. ४ |

वातावरण सरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ अनुसार संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचना मार्फत आयोजनाबाट प्रभावित गाउँपालिका अन्तर्गत सरकारी तथा गैर सरकारी संघ-संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवम् सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमूल्य राय सुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गर्दछौं।

स्थान : इलाम जिल्ला, चुलाचुली गाउँपालिका वार्ड नं. ५ आपँझोला
मिति : २०७८/११/२९ गते समय : बिहान ८:३० बजे



## मदन भण्डारी राजमार्ग इलाम खण्डमा प्रस्तावित रतुवा खोला पुलको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदनको सार्वजनिक सुनुवाई कार्यक्रम

*प्रथम पटक प्रकाशित मितिः २०७८/११/२६*

श्री सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुरद्वारा प्रस्तावित रतुवा खोला पुल मदन भण्डारी राजमार्ग इलाम खण्ड अन्तर्गत इलाम जिल्ला, चुलाचुली गाउँपालिका वार्ड नं. ५ तथा झापा जिल्ला, दमक नगरपालिका वार्ड नं. २ बीच भई बग्ने रतुवा खोलामा निर्माण गर्नको लागि प्रस्ताव गरिएको छ।

| क्र.सं. | खोला/पुल | प्रभावित क्षेत्र |
|---|---|---|
| १. | रतुवा खोला पुल (लम्बाई १५० मिटर) | इलाम जिल्ला, चुलाचुली गाउँपालिका वार्ड नं. ५ तथा झापा जिल्ला, दमक नगरपालिका वार्ड नं. २ |

वातावरण सरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ अनुसार संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचना मार्फत आयोजनाबाट प्रभावित नगरपालिका तथा गाउँपालिका अन्तर्गत सरकारी तथा गैर सरकारी संघ-संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवम् सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमुल्य रायसुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गर्दछौं।

स्थान : झापा जिल्ला, दमक नगरपालिका वार्ड नं. २ उत्तमचोक
मिति : २०७८/११/२५ गते समयः दिउँसो ४:०० बजे



## ठाकुर पोलिक्लिनिकमा

विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
**समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि**

**हाम्रा थप सेवाहरु :**
डा. शंशाकराज पोखरेल : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।

**पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन :०२३-५९०००८, ९८१७९६४७७१**



## सटर भाडामा

बिर्तामोडस्थित बिजुली अफिस पूर्व पुरानो भद्रपुर रोडमा रहेका ११ वटा सटर भाडामा छ। व्यापारिक प्रयोजन वा गोदामको लागि उपयुक्त छ।

**सम्पर्क :** ९८६३७२०३६९, ९८२४९६०२७०, ९८४२६५३०९९



## छापाखाना

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा

**घिमिरे अफसेट प्रेस**
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९, अफिस: ९७४६८७९७०२
९८४२६२५२५२, ९८१४०३६२४४



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



## G4S कुवेतमा सेक्युरिटी गार्डहरुलाई रोजगारको सुवर्ण अवसर

कम्पनी : BAKMART CO.
LT No. 212236 | चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

नोटः फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1200/- AED ग्यारेन्टी गरिन्छ। उमेरको हकमा १८ वर्षदेखि ४६ वर्षसम्मका महानुभावले सम्पर्क गर्नुहोला।

कम्पनी : G4s Security Company, Kuwait

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Security Guard | 150 | 142/- KD | १२ घण्टा २६ दिन | छैन/छ | २ वर्ष |
| २. | Cashier | 50 | 162/- KD | | | |
| ३. | Cit | 50 | 162/-KD | | | |

**फाइनल अन्तरवार्ता यही फागुन ३० गते सोमबार बिर्तामोडमा हुनेछ।**

## सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)

डिल्लीबजार, काठमाडौं (**फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९**)



## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।



**सम्पर्कः**
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५


## श्री गडिगाउँ माध्यमिक विद्यालय, बुद्धशान्ति गाउँपालिका-५, शान्तिनगर, झापा

## सिलबन्दी कोटेसन माग गरिएको सूचना

मिति २०७८/११/१८ को यस विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार सामाजिक विकास मन्त्रालय विराटनगरबाट प्राप्त अनुदान मार्फत विद्यालयमा इ-शिक्षा तथा स्मार्ट कक्षा व्यवस्थापनका लागि तपशिल अनुसारका सामग्री खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारका स्थायी लेखा नं. तथा मु.अ.करमा दर्ता भएका व्यक्ति वा फर्मलाई मिति २०७८/१२/११ सम्ममा विद्यालयमा सिलबनदी कोटेसन पेस गर्नुहुन अनुरोध छ।

**तपसिल**

| S.N. | Item | Specifications | |
|---|---|---|---|
| 1. | Interactive Panel Board-2 | Active Screen Size | 65* |
| | | Resolution | 3840*2160 Pixels |
| | | Response Time | 4ms |
| | | Life Time | 50,000 hours > |
| | | Touch Points | 10 points in android and 2o points in windows |
| | | Android Version | 8.O.O > |
| | | WIFI & Screen Sharing | Available |
| | | CPU | i5,8th gen > |
| | | RAM | 8 GB > |
| | | Storage (HDD) | 256 SSD, 1 TB HDD |
| | | Built In WIFI, Wed Camera With Audio Input. Document Camera (note reader), OPS, Touch Pen, Derice User Manual In English | Avaliable |
| | | Guarantee | Minimum 1 years |
| | | Terms & Conditions: Interactive panel borad must be set up with the protection box having sliding white board. online प्रविधिबाट hardware र प्रयोगको monitoring गर्ने system जडान भएको हुनुपर्ने। | |

सम्बन्धित व्यवसायीहरुले मूल्यसूची पेश गर्दा व्यावसाय दर्ताको प्रमाणपत्र प्रतिलिपि, आ.व. २०७७/२०७८ को करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। म्याद नाघी प्राप्त हुने र रित नपुगेका प्रस्तावहरु दर्ता गरिने छैन। प्रस्ताव स्वीकृत गर्ने अन्तिम अधिकारी विद्यालय व्यवस्थापन समितिमा रहनेछ।

**– प्राध्यापक**


## Kuwait, Qatar र Dubai मा महिला तथा पुरुषलाई रोजगार

कम्पनी : Grand Hypermarket Company. Dubai, Qutar, Kuwait
पूर्व स्वीकृती नं. २०७८/११/१२ | LT No.244964 | चलानी नं. ६०१६४

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब Kuwait (KD) | मासिक तलब Dubai (DHS) | मासिक तलब Qutar (QR) |
|---|---|---|---|---|---|
| १. | Sales man | 100 | 135+20/- | 1300/-+Food | 1300/-+Food |
| २. | Sales girl | 150 | 135+20/- | 1300+Food | 1300+Food |
| ३. | Trolly boy | 200 | 90+20/- | 1000+Food | 1000+Food |
| ४. | Security Guard | 50 | 135+20/- | 1300+Food | 1300+Food |
| ५. | Cook | 30 | 135+20/- | 1300+Food | 1300+Food |
| ६. | Driver | 15 | 160+20/- | | |

**फाइनल अन्तरवार्ता यही फागुन २९ गते आइतबार बिहान ८ बजेबाट टाइमलेस होटल बिर्तामोडमा हुनेछ।**

## प्यासिफिक ह्यूमन रिसोर्सेज प्रा. लि.

पश्चिम बस स्टेण्ड बिर्तामोड, झापा
Contact : 981600702, 9813592408, 9816967572, 9817963065, 9807933882



## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो प्रति ट्यांकी **रु. २०००।–** मा सफाई गरिने छ।




**सम्पर्कः** ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२



## UAE मा MOTORCYCLIST हरुलाई रोजगारको अवसर

कम्पनी : **UPLIFT SELIVERY SERVICES L.L.C.** शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/३० | चलानी नं.: ६०१६७७१८ | LT.No.: 250821 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 250 | 0 | स. काममा दक्ष | 1500 | ४९,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**C. P. Hotel बिर्तामोड, झापामा २०७८ चैत २ गते (16 March 2022) मा हुनेछ।**

यसको बेसिक सेलरी 1500/-AED भएता पनि यसअघि जाने कामदारहरूले 3000/-AED भन्दा बढी कमाइ गरिहेका छन्।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067

## लिंक ईन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा. लि.

Branch Office Birtamod Jhapa: 9815991008 **9807981913**



## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



**नारायणप्रसाद बाँस्तोला**
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुर्‍याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला। विचार पुर्‍याएर मात्र खर्च गर्नुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको समय उत्तमसिद्धी रहेको छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ। शुभ खबर सुन्न पाइनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला।